**नीति जेएलसिइ - प्राथमिक उपचार र आकस्मिक चिकित्सकीय स्याहार**

**विद्यार्थी दुर्घटना र विरामीहरू**

प्राथमिक उपचारदेखि बाहेकका कुनै पनि प्रकारको चोटको उपचार विद्यालयलाई अनुमति दिइएको छैन । प्राथमिक उपचार उपलब्ध मध्ये अति योग्य व्यक्तिबाट दुर्घटना वा अचानक बिरामी पर्दा पाइने तुरुन्तैको सहायता हो ।

बिरामी वा घाइते (चोटपटक लागेका) विद्यार्थीहरूलाई आकस्मिक स्याहार प्रदान गर्नु विद्यालय पर्सोनेलका लागि उपयुक्त र कानुनसम्मत कार्य हो जब त्यस्ता बिरामी र चोटपटकहरू, विद्यालय हाताभित्र, विद्यालय बसहरूमा, विद्यालय हाता बाहिर विद्यालयले नै सुपरिवेक्षण गरेको समूहमा, वा विद्यालय वातावरणको वरिपरि विद्यालय पर्सोनेलको नजरमा पर्छन् । विद्यालय बसमा गम्भीर आकस्मिक अवस्था आइलागेका बेला, बस चालकले आकस्मिक चिकित्सकीय देखरेखका लागि बसलाई नजिकैको अस्पताल लैजानुपर्नेछ ।

बेहोश भएका बेला अमोनियाको वास्नादार स्पिरिट बाहेक अन्य कुनै किसिमको औषधि दिनु हुँदैन । टाउको दुखेको वा अन्य दुखाई कम गर्नका लागि एस्पिरिनको प्रयोग वा खाने सोडाको प्रयोग वर्जित गरिएको छ ।

विद्यार्थीका विरामी र चोटपटक सम्हाल्नका लागि चाहिने नीति र प्रक्रियाबारे हरेक एकाइका पर्सोनेलहरूलाई सुपरिचित बनाउनका लागि प्रिन्सिपल र विभाग अध्यक्षहरू जिम्मेवार हुनेछन् । कम्तिमा एउटा भवनमा एक व्यक्तिले प्राथमिक उपचारको विशेष तालिम पाएको हुनुपर्नेछ ।

सबै विद्यार्थीहरूको आकस्मिक जानकारी कार्डहरू हरेक वर्ष सबै विद्यार्थीका आमाबाबु वा अभिभावकहरूद्वारा भर्नाको बेला पूरा गरिएको हुनुपर्नेछ र विद्यालय कार्यालयका फाइलमा राखिएको हुनुपर्नेछ ।

खेलकूद समूहहरू आफ्नो गृह-विद्यालयबाट टाढा भाग लिन गएमा, कोचहरूले सबै भाग लिने खेलाडीहरूको आकस्मिक कार्डका प्रतिलिपिहरू आफ्नो स्वामित्वमा राख्नु पर्नेछ ।

विद्यालयमा दिइने प्राथमिक उपचार बाहेक अन्य अतिरिक्त स्याहार दिनु पर्ने स्थिति आवश्यक भएमा आकस्मिक कार्डमा दिइएका सन्दर्भ व्यक्तिहरूलाई सम्पर्क गर्नुपर्ने छ । यस्तो आकस्मिक स्याहार दिनुपर्ने आवश्यकता भएमा वा यस्ता बेला आकस्मिक कार्डमा सूचीकृत कुनै वयस्कलाई सम्पर्क गर्न नसकिएमा, र समयको नजाकतले अनेकन् टेलिफोनहरू गर्न अनुमति नदिएमा, चार्जमा भएका स्टाफले ९११ डायल गरी डेनभर सहर र काउन्टी अग्नि उद्धार दस्तालाई अनुरोध गर्नुपर्नेछ, विद्यालयको नाम र ठेगाना दिनुपर्नेछ साथै एम्बुलेन्स चाहिने नचाहिने कुरा पनि अवगत गराउनु पर्नेछ ।

नजिकैको अग्नि उद्धार दस्ताले आकस्मिक कलको प्रतिक्रिया दिनेछन्, एम्बुलेन्स अनुरोध गरिएको खण्डमा डेनभर स्वास्थ्य र अस्पतालबाट पठाउन सकिनेछ । चोटपटक लागेको वा बिरामी व्यक्तिलाई सबैभन्दा नजिकको अस्पताल आकस्मिक कक्षमा लान सकिनेछ । डेनभर पब्लिक स्कूलका कर्मचारीले आमाबाबु/अभिभावक नभएको खण्डमा विरामी विद्यार्थीको साथ दिनेछन् ।

विद्यालयमा, विद्यालय प्रायोजित समारोहहरू र खेलकूद समारोहहरूमा विद्यार्थीहरू संलग्न आकस्मिक स्थितिहरूका लागि यी सबै प्रक्रियाहरू पालन गरिनेछन्, जबसम्म त्यस्ता आकस्मिक स्थितिहरू सोभै सम्हाल्नका लागि उक्त स्थानहरूमा फजिसियनको उपस्थिति हुँदैन ।

**प्राथमिक उपचार प्रदान गर्दाको दायित्व***

कुनै पनि आकस्मिक परिस्थितिमा प्राथमिक उपचार गर्ने उपयुक्तता वा अनुपयुक्तता निर्धारणका लागि दायित्वको परीक्षण लागू गर्नुपर्नेछ जसमा सो अनुसारको ज्ञानबाट दीक्षित साधारण विवेकशील व्यक्तिले त्यस्तो परिस्थितिमा के गर्छ भन्ने कुरा कुरा लागू हुन्छ ।

आकस्मिकताको तत्व निश्चित रूपमा तात्कालिक हुनुपर्नेछ र दीर्घ चोटपटक वा बिरामी वा आकस्मिक प्रकृति नभएको अन्य कुनै उपस्थिति, वा तोकेरै भन्दा त्यस्तो कुनै निरन्तर उपचार चाहिने स्थितिले प्राथमिक उपचार प्रदानलाई पुष्टि गर्न सक्तैन ।

साधारणतया आकस्मिक स्थिति वा दुर्घटनाका बेला युक्तिसङ्गत प्राथमिक उपचार प्रदान गर्नु कर्तव्य हो । प्राथमिक उपचार गर्दा बेवास्ता गरिएको कुराको प्रश्नलाई पुष्टि गर्न सो अनुसारको ज्ञानबाट दीक्षित साधारण विवेकशील व्यक्तिले त्यस्तो परिस्थितिमा के गर्छ भन्ने कुरा हेर्नु नै उपयुक्त हो ।

कुनै पनि प्राथमिक उपचार प्रदान गर्ने व्यक्तिले आकस्मिक स्थिति सिर्जना भएका बेला सो सेवा प्रदान गर्दा, प्राथमिक उपचारका निर्धारित क्षेत्रभित्र रहेर आफ्नो ज्ञान र क्षमता प्रति राम्रो आस्था राखेर काम गरेमा अनावश्यक रूपमा दायित्वबाट डराउनु पर्ने छैन । दुर्घटनाका बेला प्राथमिक उपचारले गर्ने हानी भन्दा अतिरिक्त सावधानीका कारण प्राथमिक उपचार प्रदान गर्न असफल हुँदा पीडितलाई बढी हानी हुने गर्छ ।

यदि आकस्मिक स्थिति गम्भीर छ भने, पहिलो गर्ने कुरा भनेको अभिभावकलाई सूचीत गर्नुका अतिरिक्त फिजिसियन वा सिटि (सहर) एम्बुलेन्सलाई बोलाउनु हो । नोट गरिए अनुसार, विद्यार्थीलाई सामुदायिक स्वास्थ्य अथोरिटीलाई जिम्मा लगाइसकेपछि प्राथमिक उपचारका लागि व्यक्तिको जिम्मेवारी सकिन्छ ।

** डेनभर पब्लिक स्कूलका लागि एटर्नीले जनवरी २५, १९६५ मा दिएको विचारबाट लिइएको ।*
केही भागहरू स्वीकृत सेप्टेम्बर १, १९६५, अगस्ट १६, १९७४ र डिसेम्बर १७, १९७६
अभ्याससँग सदृश हुनका लागि परिमार्जितः निर्देशिका स्वीकृति गरिएको मिति
फाइल जेएलसिइ :
कानुनी सन्दर्भ : सि.आर.एस. १३–२१–१०८
सि.आर.एस. २४–१०–१०६.५
क्रस सन्दर्भ : जेएलआइबि, विद्यार्थी विस्थापन पूर्वसावधानी
जेएलसिडि, विद्यार्थीहरूलाई औषधि वितरण